केशव प्रसाद विमली
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७२

**कार्यपालिका बैठक संख्या :- ६३**
**बैठक मिति :- २०७६।०६।१७**

<u>निर्णय नं. १</u>

आ.व. ०७६ /०७७ का लागि यस उपमहानगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने देहायका खोला तथा नदीजन्य पदार्थ मध्य ढुंगा, गिट्टी, बालुवा तथा माटोको उत्खनन्, संकलन तथा बिक्रीका लागि मिति ०७६/०५/०६ मा प्रकासित बोलपत्र अनुसार तोकिएको म्यादभित्र पर्न आएका बोलपत्रहरुमध्ये सबै भन्दा बढी मुल्य सकार गर्ने सारभूतरुपमा प्रभावग्राही देहाय अनुसारको बोलपत्र स्वीकृत गरी देहायका शर्तहरु राखी ठेक्का सम्झौता गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

तपशिल

बोलपत्र दाताको नाम र ठेगाना : पाथिभरा कन्स्ट्रक्सन प्रा.लि., सुनसरी

बोलपत्र साथ कबोल गरेको अंक : रु.१,५६,७७,७७७- (एक करोड छपन्न लाख सतहत्तर हजार सात सय सतहत्तर)

शर्तहरु

१. तपसिलमा उल्लेख गरिए बमोजिमका नाका तथा स्विकृत IEE प्रतिवेदनको अधिनमा रही आर्थिक वर्ष २०७६/०७७ को कबोल अंक रकम रु. १,५६,७७,७७७।- (एक करोड छपन्न लाख सतहत्तर हजार सात सय सतहत्तर) मात्रमा यस उपमहानगरकार्यापालिकाको बैठक संख्या ५९ मिति २०७६।०४।३२ को निर्णय ३ अनुसार एकमुष्ट रकम दाखिला गर्दा हुने १० प्रतिशत छुट बापतको रकम रु १५,६७,७७८ ( पन्ध्र लाख सड्सठी हजार सात सय अठ्हत्तर मात्र ) घटाइ बाँकी हुने रकम रु. १,४१,०९,९९९ (एक करोड एक्चालिस लाख नौ हजार नौ सय उनान्सय मात्र) तथा सो मा लाग्ने मुल्य अभिबृद्धी कर ६.५०% बापतको रकम रु. ९,१७,१५० ( नौ लाख सत्र हजार एक सय पचास मात्र ) समेत थप गरी कूल रकम रु. १,५०,२७,१५० (एक करोड पचास लाख सत्ताइस हजार एक सय पचास मात्र) एकमुष्ट बुझाउने गरि सम्झौता भएको मिति देखी २०७७ जेष्ठ मसान्त सम्म प्रचलित कानुनको अधिनमा रही इटहरी उप महानगरपालिकाको सेहरा र बुढीखोला ढुंगा, गिटी, बालुवा, मिक्सगिटी, भरौट ठेक्का संचालन गर्नुपर्नेछ ।

२. उक्त आय संकलन गर्नका निमित्त तपसिलमा उल्लेख गरिएका नाका तथा स्विकृत IEE प्रतिवेदन अनुसार उपमहानगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा १४ को उपदफा १ बमोजिम सेहरा र बुढीखोला ढुंगा, गिटी, बालुवा, मिक्सगिटी, भरौट ठेक्का संचालन गर्नुपर्नेछ।

<u>तपसिल</u>

- बुढीखोलाको खोर्सनिखाप नाका, याक्थुङ्ग/त्रिवेणी नाका, डमुरटोका/ दोभान/भट्टा नाका
- सेहराखोलाको खोर्सनिखाप नाका

३. सो आय संकलन गर्दा प्रयोग गरिने रसिद यसै उप महानगरपालिकावाट प्रमाणित गराउनुपर्नेछ । साथै कर असुलीमा प्रयोग भएको रसिदको फाँटवारी त्रैमासिक रुपमा इटहरी उपमहानगरपालिकाको कार्यालयलाई बुझाउनुपर्नेछ ।

४. यो आय संकलन गर्न इटहरी उपमहानगरपालिकावाट तोकिएको स्थानहरुमा तोकिएको दर बमोजिम वाहेक अन्य कुनै स्थानमा कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर लगाइ लिन पाइने छैन र उपमहानगरपालिकावाट प्रमाणित गरिए वाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइने छैन । यदी कुनै त्यस्तो अनाधिकृत रकम अनाधिकृत प्रकृयावाट असूल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको उपमहानगरपालिकावाट अनुगमन हुदा पाइएमा नियमानुसार कारवाही र सजाय गरिने छ।

५. कवुलियत भएका दिन आजै कबोल अंक रकम रु. १,५६,७७,७७७।- (एक करोड छपन्न लाख सतहत्तर हजार सात सय सतहत्तर) मात्रमा यस उपमहानगरकार्यापालिकाको बैठक संख्या ५९ मिति २०७६।०४।३२ को निर्णय ३ अनुसार एकमुष्ट रकम दाखिला गर्दा हुने १० प्रतिशत छुट बापतको रकम रु १५,६७,७७८ ( पन्ध्र लाख सड्सठ्ठी हजार सात सय अठ्हत्तर मात्र ) घटाइ बाँकी हुने रकम रु. १,४१,०९,९९९ (एक करोड एक्चालिस लाख नौ हजार नौ सय उनान्सय मात्र) तथा सो मा लाग्ने मुल्य अभिबृद्धी कर ६.५०% बापतको रकम रु. ९,१७,१५० ( नौ लाख सत्र हजार एक सय पचास मात्र ) समेत थप गरी कूल रकम रु. १,५०,२७,१५० (एक करोड पचास लाख सत्ताइस हजार एक सय पचास मात्र) एकमुष्ट उपमहानगरपालिकामा नगदै जम्मा गरी नगदी रसिद नं. ... यसै पत्रसाथ संलग्न गर्नुपर्नेछ ।

६. वातावरण, भू-क्षय, सडक, पूल, सिचाई कुलो तथा सार्वजनिक हित आदिलाई संरक्षण गर्न ढुँगा, गिटी वालुवा र वलौटे माटो आदि निकाल्न निषेध गरिएको अवस्थामा मिनाहाको दावि गर्न पाइनेछैन ।

७. ढुँगा, गिटी, मिक्स गिटी, वालुवा र बलौटे माटो आदि निकाल्दा अर्काको घर, जग्गा, कुलो, बाँध, बाटो आदि क्षति हुने गरी निकाल्न पाइने छैन ।

८. नदी लाई ३ भाग गरी विचको एक भाग मात्र ढुँगा, गिटी, मिक्स गिटी, वालुवा र वलौटे माटो आदि निकाल्नु पर्नेछ। भू-क्षय हुने बाढी पहिरो जाने किसिमले निकाल्न पाइने छैन।

९. कसैको निजी स्वामित्व भएको जग्गामा निजले ढुँगा, गिटी मिक्स गिटी, वालुवा र बलौटे माटो झिकी सोही स्थानमा स्वयं प्रयोग गरेमा खोला विक्री मूल्य लिन पाइने छैन ।

१०. ढुँगा, गिटी, वालुवा आदि सामग्री उत्खनन गर्दा प्रारम्भीक वातावरणिय मूल्यांकन प्रतिवेदन बमोजिमका स्थानबाट तत् तत् स्थानबाट निकाल्न सकिने भनि तोकिएको सामान र सोको परिमाण भित्र रहेर मात्र उत्खनन सकलन गर्नेछु।

११. वन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने अवस्थाको कारण ठेक्का रकम छुट वा मिनाहाको दावी गर्न पाइने छैन ।

१२. ठेक्का अवधिमा ठेक्का संचालन गर्दा उपमहानगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा ठेक्का बदर गरी ठेकेदारले एकमुष्ट बुझाएको सम्पूर्ण रकमबाट कट्टा गरी अपुग रकम चलअचल सम्पत्तीबाट असुल गरिने छ ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

प्रमुख प्रशासकीय अधिकृत

१३. ढुंगा,गिटी, वालुवा, मिक्स गिटी, बलौटे माटो विक्री कर संकलन कार्यमा खटिने कर्मचारीको अद्यावधिक विवरण इटहरी उपमहानगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ र सम्बन्धित कर्मचारीलाई परिचय पत्र उपलब्ध गराउनुपर्नेछ । साथै तोकिएको कर संकलन केन्द्रमा यस उ.प.म. न.पा.द्धारा निर्धारण गरिएका दरहरुको विवरण सहितको बोर्ड स्वयले तयार गर्न लगाई सो स्थानमा सर्वसाधारण सबैले देखिने ठाउँमा टाँस गर्नुपर्नेछ ।

१४. माथि उल्लेखित उत्खनन तथा संकलन क्षेत्रबाट ३०,००० (तिस हजार) घन. मी मिक्सगिटी लोडिङ्ग सहित इटहरी उपमहानगरपालिकालाई निशुल्क उपलब्ध गराउनुपर्नेछ ।

१५. क्रसर उद्योगले आफ्नो प्रयोगको लागि स्टक गर्ने गरेको ढुंगा, गिटीमा विक्री मूल्य असुल गरी सकेपछि क्रसरबाट उत्पादित प्रशोधित सामग्रीमा पूनः विक्री मुल्य लिन पाइने छैन ।

१६. पूल, कल्भर्ट कजवे, सडक बाटो तथा सार्वजनिक थल आदिबाट तल माथि ५०० मिटर भित्र ढुंगा, गिटी, मिक्स गिटी, वालुवा र बलौटे माटो निकाल्न पाइने छैन ।

१७. उल्लेखित निर्माण सामग्रीहरु झिक्ने स्थलसम्म जान आउन आवश्यक बाटो बनाउन तथा मर्मत गर्नुपर्ने अवस्था आएमा आफ्नै तर्फबाट बनाउनु पर्नेछ । साथै सो खर्च उ.प.म.न.पा.सँग दावी गर्न पाइने छैन । ढुंगा, गिटी, वालुवा तथा वलौटे माटो आदि लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा भएर जान आउनु पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति लिनु पर्नेछ ।

१८. वन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने अवस्थाको कारण ठेक्का रकम छुट वा मिनाहाको दावी गर्ने पाइने छैन ।

१९. यस ठेक्कामा कुनै किसिमको विवाद श्रृजना भएमा दुवै पक्षको सहिमतिबाट समस्याको समधान गरिने छ । तर विवादको निराकरण दुवै पक्षको सहमतिबाट हुन नसके सो सम्बन्धी अन्तिम निर्णय इटहरी उपमहानगरपालिकामा निहित रहने छ र सो मान्नु सम्बन्धित ठेकेदारको दायित्व हुनेछ ।

२०. इटहरी उपमहानगरपालिका भित्रका नदी नालाहरुको नदीजन्य पदार्थहरु उत्खनन गर्दा प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेख भएका नाकाहरुमा मात्र मेशनरी औजारको प्रयोग गर्न पाइने छ । र उल्लेख नभएको ठाउँमा मेशनरी प्रयोग गर्न पाइने छैन।

२१. विक्री मूल्य उठाउदा खोलाको खोलैमा सवारी साधन बेगर कसैले त्यस्तो सामान प्रयोग गरेमा मूल्य लिइने गिटी, मिक्स गिटी, वालुवा र बलौटे माटोमा कर लिन पाइने छैन, तर त्यसरी स्टक गरेको सामान आफ्नो समयावधि भित्र निकासी गरी ढुवानी गरी लगेमा सोको कर लिन बाधा पर्ने छैन ।

२२. कुनै एक स्थानीय तहलाई सम्बन्धित कर बुझाई सकेको प्रमाण हुँदा हुँदै पूनः सोही बस्तुमा दोहरो हुने गरी कर संकलन गर्न पाइने छैन ।

२३. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट वा तगारो राखि कर संकलन गर्न पाइने छैन ।

२४. कर संकलनको सम्बन्धमा नेपाल सरकार इटहरी उपमहानगरपालिकाबाट भएका निर्देशनहरु पालना गर्नु फर्मको कर्तव्य हुनेछ ।

२५. उल्लेखित खोलाहरुको उत्खनन परिमाण स्वीकृति प्रारम्भीक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा उल्लेख भएबमोजिम हुनेछ । प्रतिवेदनमा उल्लेखित वार्षिक उत्खनन परिमाण तपशिल बमोजिम कायम गरिएको छ ।

| क्र.स. | खोलाको नाम | नाका संख्या | नाकाको नाम | उत्खनन परिमाण घ.मी. मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| क | बुढी खोला | ३ वटा | खोर्सनिखाप | ३४,०६० |
| | | | याक्थुङ्ग/ त्रिवेणी | २०,३१२.८ |
| | | | डमुरटोका/ दोभान | १२,५०० |
| ख. | सेहरा खोला | १ वटा | खोर्सनिखाप | ४७,४७६ |
| | | जम्मा | | १,१४,३४८.८ |

२६. यसमा नियमानुसार लाग्ने अन्य कुनै कर भए सो कर म आफ्नै तर्फबाट व्यहोर्ने छु।

२७. यस ठेक्का संचालन सग सम्बन्धित विषयमा संघिय /प्रदेश सरकारबाट समय समयमा प्रप्त हुने वा इटहरी उ.प.म.न.पा.बाट आवश्यकता अनुसार सम्बन्धित ठेकेदारलाई दिइने नियमानुसारका निर्देशन पालना गर्नु सम्बन्धित दाश्रो पक्षको कर्तव्य हुनेछ ।

२८. प्रस्तुत ठेक्काको लागि यस कार्यालयद्धारा मिति २०७६।५।०६ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेखित शर्त तथा बन्देजहरु समेत यसै सम्झौताको अभिन्न अंग मानिने छ । र सो लाई पालना गर्नु सम्बन्धित फर्मको कर्तव्य हुनेछ ।

२९. यस ठेक्काको लागि विक्री तथा संकलन कर एकमुष्ट रुपमा देहाय अनुसार विक्रीकरको रुपमा कर असुल गर्नु पर्ने छ ।

दर रेट

| सि.न. | विवरण | विक्री तथा संकलन कर दर रु. प्रतिघन फिट |
|---|---|---|
| १ | ढुंगा, गिट्टी, मिक्सगिट्टी, ग्राभेल | ४ |
| २ | बालुवा | ३ |
| ३ | माटो (भरौट र बलौटे) | २।५० |

**निर्णय नं. २**

मिति ०७६।०६।०६ को कार्यपालिकाको निर्णयानुसार विगत देखि सेवा प्रदान गर्दै आएका खण्ड (क) का सेवा प्रदायक तथा खण्ड (ख) का जनशक्तिको विषयमा सुशासन तथा संस्थागत विकास समितिको मिति २०७६।०६।१० को सिफारिश समेतका आधारमा देहायका शर्तहरुसहित ०७६ श्रावण देखि ०७६ पौष मसान्त सम्म सेवा करार गरी कामकाज गर्न खटाउने निर्णय गरियो ।

**क) लवप्रसाद दाहाल र प्रल्हाद घिमिरेका सम्बन्धमा**

१. पहिलो पक्षले दोश्रो पक्षलाई उपमहानगरपालिकाको विभिन्न शाखा तथा वडा कार्यालयहरुमा आई.टि. सम्बन्धी काम गर्नु पर्नेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कामकाज लगाए वापत मासिक ३०,०००। (तीस हजार मात्र) पारिश्रमिक उपलब्ध गराउनेछ ।

३. करार अवधि मिति २०७६ श्रावण १ गते देखि २०७६ पौष मसान्त सम्महुनेछ । करार समाप्त भएपछि आवश्यकता अनुसार पहिलो पक्षले करार सम्भौता दुवै पक्षको सहमतिमा नविकरण गर्न सक्नेछ ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

४. दोश्रो पक्षले तोकिएको काममा वेवास्ता गरेमा वा लापरवाही गरेमा वा असन्तोषजनक काम गरेमा पहिलो पक्षले जनुसुकै बेला करार सम्झौता भंग गर्न सक्नेछ ।
५. पहिलो पक्षलाई दोश्रो पक्षको सेवा आवश्यक नपरेमा दोश्रो पक्षलाई एक महिनाको अग्रिम सूचना दिई करार समाप्त गर्न सक्नेछ ।
६. दोश्रो पक्षले काम छोड्नु परेमा पहिलो पक्षलाई एक महिनाको अग्रिम सूचना दिई मात्र काम छोड्नु पर्नेछ ।
७. यो सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम र अन्य करारको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**ख) मनिता निरौलाका सम्बन्धमा**

१. दोश्रो पक्षले नगर उपप्रमुखको निजी सचिवालयमा रही निजी सचिवका रुपमा काम गर्नुपर्नेछ । त्यसवाहेक दोश्रो पक्षले पहिलो पक्षले अह्राएको कार्यालयको कामकाज समेत गर्नुपर्ने छ ।
२. नेपाल सरकारले तोकेको कम्प्युटर सहायक (सहायक स्तर पाचौं तह) को तलव स्केल, नगरपालिकाले निर्णय गरे बमोजिमको खाजा खर्च मासिक रु.४,०००।- (चार हजार), एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराईने छ ।
३. पारिश्रमिक भुक्तानी गर्दा दोश्रो पक्षले महिना भरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन सुपरीवेक्षकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
४. सेवा उपलब्ध गराउँदा प्रचलित कानुनमा व्यवस्था बमोजिमका आचरण सम्बन्धी बिषयहरुको पालना गर्नु पर्नेछ ।
५. सेवा उपलब्ध गराउने क्रममा सार्वजनिक विदा बाहेक प्रत्येक महिना १ दिनका दरले विदा दिईनेछ ।
६. करार सेवा उपलब्ध गराउने क्रममा कार्यालयको चल अचल सम्पत्तिको हानी नोक्सानी वा हिनामिना गरेमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षले पहिलो पक्षलाई तिर्नु पर्नेछ । यस्तो क्षतिपूर्ति तिर्नु पर्ने ठहर भएमा सो वापतको रकम निजको मासिक पारिश्रमिकबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ ।
७. दोश्रो पक्षले तोकिएको कार्यविवरण अनुसारको काममा वेवास्ता गरेमा वा लापरवाही गरेमा वा सन्तोषजनक काम नगरेमा पहिलो पक्षले जुनसुकै वखत निज सँगको करार सम्झौता भंग गर्न सक्नेछ ।
८. दोश्रो पक्षले सम्झौता भंग गर्न चाहेमा कम्तीमा एक महिनाको लिखित सूचना दिनुपर्नेछ ।
९. दोश्रो पक्षले सेवा उपलब्ध गराउने क्रममा निकटतम सुपरीवेक्षकको समन्वय र सम्पर्कमा रही पूर्ण निष्ठा र इमान्दारिताकासाथ तोकिएको कार्य सम्पादन गर्नुपर्नेछ ।
१०. बिदाको पूर्व स्वीकृती नलिई बिदा बस्न पाईने छैन ।
११. सात दिन भन्दा बढी बिना सूचना उपस्थित नभएमा करार सम्झौता भंग भएको मानिनेछ ।
१२. दोश्रो पक्षले उपलब्ध गराउदै आएको सेवाको काम गर्ने गरी प्रचलित कानुन बमोजिम कुनै कर्मचारी समायोजन भई वा खटिई आएमा त्यस्तो करार सम्झौता स्वत: अन्त्य हुनेछ ।
१३. करार सम्झौता गरिएको कार्य सन्तोषजनक नभएको भनी सुपरीवेक्षक वा प्रशासन शाखाले प्रतिवेदन पेश गरेमा जुनसुकै अवस्थामा करार भंग गर्न सकिनेछ ।
१४. यो करार सम्झौता मिति २०७६ श्रावण १ देखि २०७६ पौष मसान्त सम्म कायम रहनेछ ।
१५. यो सम्झौतामा उल्लेख भएका शर्तहरुको हकमा यसै बमोजिम र अन्य करारको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ ।

निर्णय नं. ३

नगरप्रमुखज्यूबाट विभिन्न मितिमा भएका देहायका निर्णयहरु अनुमोदन गरियो ।

(क) नेपाल पर्यटन बोर्डबाट मिति २०७६।०३।२० मा प्राप्त भएको अनुदान रु.५,००,०००। (पाँच लाख) रकमबाट समाज कल्याण सत्संग समिति सँग सम्झौता भए बमोजिमको क्रमागत योजनाका लागि भुक्तानी गर्न बिनियोजन भएको शिर्षकबाट भुक्तानी भएकोले अनुमोदन गरियो ।

(ख) सडक सुशासन अन्तर्गत बिनियोजित रकम मध्ये देहायका रकमहरु खर्च भएकोमा अनुमोदन गरियो ।

तपसिल

| | |
|---|---|
| नगर प्रहरी, नेपाल प्रहरी लगायत कामदारले चिया खाजाको रकम | रु. ७५,४६०।- |
| मेसिनरी उपकरणमा प्रयोग भएको इन्धन | रु. ३९,२३७।- |
| जम्मा | १,१४,६९७।- |

निर्णय नं. ४

करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ को दफा ४ मा व्यवस्था भए अनुसारको प्रावधानका आधारमा दफा ५ बमोजिम गठन हुने अन्तर्वार्ता र सूचीकरण समितिलाई आफ्नो कार्यविधी आफै व्यवस्थित गरी आवश्यकतानुसार सम्बन्धित विषय विज्ञहरु आमन्त्रण गरी प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता संचालन गरी उपयुक्त उम्मेद्वार सिफारिश गर्न आवश्यक पर्ने सवै प्रकृयाहरु अवलम्वन गरी सेवा करारको पदपूर्ति सम्वन्धी सम्पुर्ण कार्य गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

(क) टेंग्रा खोला पुल निर्माण सम्बन्धी ठेक्का नं. TENKHOLABRG/NCB/ITA/1.01 को सम्बन्धमा निर्माण व्यवसायी कुन्सालिङ्ग कन्स्ट्रक्सन प्रा.लि.ले भूक्तानी लिएको मोविलाईजेशन पेश्की रकम कट्टा गरी प्राविधिक मूल्यांकनका आधारमा बाँकी रहन आउने रकम भूक्तानी गर्न कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ख) राष्ट्रिय सभाका अध्यक्षको मिति ०७६।०४।०७ र ०८ गते यस उ म न पा ईलाका भित्र भ्रमण गर्ने शिलशिलामा आतिथ्यता ग्रहण गर्दा भएको खर्च श्री पाथिभरा होटेलको विल बमोजिमको रकम रु.६९,७७१।८५ विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

(ग) कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम तहाँ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय बमोजिम यस उपमहानगरपालिकामा समायोजन भई पठाईएकोमा यस कार्यालयको स्वीकृत स्थायी दरबन्दी भन्दा बढी भएका कर्मचारीको हकमा हाललाई हाजिरी नगराई त्यस्ता कर्मचारीहरुको व्यवस्थापनको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने ।

(घ) विपद्को समयमा कार्यालयका मेशिनरी उपकरणहरु प्रयोग हुँदा भएको ईन्धन खर्च रु. १,०४,६३५।.विपद् व्यवस्थापन राहत र उद्दार शिर्षकमा बिनियोजित रकमबाट भूक्तानी गर्न स्वीकृती दिने निर्णय गरियो ।

ङ) यस कार्यालयका विभिन्न कोठाहरु तथा पदाधिकारीहरुका कार्यकक्षमा विद्युतिय सामाग्री ( मल्टिप्लग, बल्ब, तार, पंखा आदि) खरिद गरी जडान गर्ने प्रयोजनका लागि मसलन्द तथा